# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

# Securities Board of Nepal

(Established by the Government of Nepal under Securities Act)


मिति २०७७।०९।१०

## प्रेस विज्ञप्ती

### धितोपत्र दलाल व्यवसायीले लिने सेवा शुल्क घटाइएको सम्बन्धमा ।

बोर्डबाट धितोपत्र बजार सम्बन्धमा अध्ययन, नियमन तथा सुपरिवेक्षण गरिनुका साथै लगानीकर्ता मैत्री नीति नियम तर्जुमा गर्ने र भएका व्यवस्थाहरुमा समसामयिक पुनरावलोकन गर्ने कार्य हुँदै आईरहेको छ । यस सन्दर्भमा धितोपत्र बजारलाई थप गतिशील बनाउने नेपाल सरकारको नीति तथा प्राथमिकता, अनलाईन कारोवार प्रणालीमा सुधार लगायत बजार विकास तथा विस्तारका लागि बोर्डले गरेको विविध सुधारका कार्य तथा व्यवस्थाहरुले बजारमा लगानीकर्ताको सहभागिता तथा कारोवारमा समेत बृद्धि हुँदै गएको छ ।

यसक्रममा बोर्डबाट धितोपत्र बजारमा भई रहेको कारोवारको अवस्था, धितोपत्र कारोवार सेवा तथा शुल्क सम्बन्धी व्यवस्था, धितोपत्र विनिमय बजार तथा धितोपत्र दलाल व्यवसायीको वित्तीय अवस्थाको विश्लेषण तथा धितोपत्र दलाल व्यवसायीको सेवा शुल्क सम्बन्धमा रहेका अन्तर्राष्ट्रिय अभ्यास सहित धितोपत्र दलाल व्यवसायीको सेवा शुल्क (कमिशन) सम्बन्धमा अध्ययन गरी तयार गरिएको अध्ययन प्रतिवेदन उपर बोर्ड सञ्चालक बैठकमा प्रस्तुतीकरण तथा बिस्तृत छलफल हुंदा धितोपत्र कारोबार प्रणाली तथा सेवामा हुँदै गएको सुधार र बजारमा प्रणालीगत सुधार तथा बजार विस्तारसँगै कारोबार लागतलाई प्रतिस्पर्धी बनाउने अन्तर्राष्ट्रिय अभ्यास तथा अनलाइन मार्फत कारोबार गर्ने लगानीकर्ताहरुलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता समेतका आधारमा धितोपत्र दलाल व्यवसायी शुल्कमा पुनरावलोकन गरी समसामयिक बनाउन आवश्यक देखिएको छ ।

त्यसैगरी पछिल्लो समयमा नेपालको धितोपत्र बजारमा ८५ प्रतिशत भन्दा बढी कारोबार अनलाईन मार्फत हुने गरेको तथा दैनिक कारोवार परिमाणमा बढोत्तरी हुँदै गईरहेको सर्न्दभमा समेत धितोपत्र दलाल व्यवसायीले लिने सेवा शुल्कमा पुनरावलोकन गरी समसामयिक बनाउन धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ (तेस्रो संशोधन) को नियम ३२(१) बमोजिम धितोपत्र दलाल व्यवसायीले धितोपत्र कारोबार सेवा उपलब्ध गराए वापत ग्राहकबाट प्राप्त गर्ने शुल्क सम्बन्धी विद्यमान अनुसूची-१४ को सट्टामा देहाय बमोजिमको अनुसूची-१४ कायम गरी मिति २०७७।०९।१२ गते देखि लागू गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित पक्षहरुलाई जानकारी गराईन्छ ।

**धितोपत्र दलाल व्यवसायी शुल्क वापत लिन सक्ने सेवा शुल्क**

१. संगठित संस्थाको सेयरको प्रत्येक खरिद तथा बिक्री कारोबारमा धितोपत्र दलाल व्यवसायी सेवा शुल्क वापत लिन पाउने सेवा शुल्क :

| | |
|---|---|
| (क) रु. ५०,०००।- सम्मको कारोवारमा | - ०.४० प्रतिशत |
| (ख) रु. ५०,०००।- भन्दा माथि रु. ५,००,०००।- सम्मको कारोवारमा | - ०.३७ प्रतिशत |
| (ग) रु. ५,००,०००।- भन्दा माथि रु. २०,००,०००।- सम्मको कारोवारमा | - ०.३४ प्रतिशत |
| (घ) रु. २०,००,०००।- भन्दा माथि रु. १,००,००,०००।- सम्मको कारोवारमा | - ०.३० प्रतिशत |
| (ङ) रु. १,००,००,०००।- भन्दा माथि जतिसुकैको कारोवारमा | - ०.२७ प्रतिशत |



Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal
Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 5541058, E-mail : support@sebon.gov.np, Website : www.sebon.gov.np

२. नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र तथा संस्थागत ऋणपत्रको खरिद बिक्री कारोबारमा धितोपत्र दलाली बापत लिन पाउने सेवा शुल्क:

| | |
|---|---|
| (क) रु. ५,००,०००।- सम्मको कारोबारमा | - ०.१० प्रतिशत |
| (ख) रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको कारोबारमा | - ०.०५ प्रतिशत |
| (ग) रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोबारमा | - ०.०२ प्रतिशत |

३. माथि क्र.स. १ र २ मा उल्लेखित धितोपत्र बाहेक सामुहिक लगानी कोषको इकाई तथा अन्य धितोपत्रको हकमा धितोपत्र दलाली बापत लिन पाउने सेवा शुल्क:

| | |
|---|---|
| (क) रु. ५,००,०००।- सम्मको कारोबारमा | - ०.१५ प्रतिशत |
| (ख) रु. ५,००,०००।- भन्दा माथि ५०,००,०००।- सम्मको कारोबारमा | - ०.१२ प्रतिशत |
| (ग) रु. ५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोबारमा | - ०.१० प्रतिशत |

४. माथि क्रम संख्या १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र दलालले ग्राहकबाट पाउने सेवा शुल्क रु.१०।- भन्दा घटी हुने छैन ।

५. प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र उक्त आर्थिक वर्षमा धितोपत्र दलालले क्रम संख्या १, २, ३ र ४ बमोजिम प्राप्त गरेको कूल सेवा शुल्कका शून्य दशमलव छ प्रतिशत रकम नियमन शुल्कको रुपमा बोर्डलाई बुझाउनु पर्नेछ ।

६. धितोपत्र दलालले कारोबार सेवा प्रदान गरे बापत यस अनुसूचीमा उल्लेखित सेवा शुल्क बाहेक अतिरिक्त रकम ग्राहकबाट लिन सक्ने छैन ।

७. धितोपत्र व्यापारीले धितोपत्र कारोबार दस्तुर बापत कारोबार रकमको ०.०२ प्रतिशत रकम धितोपत्र बजारमा बुझाउनु पर्नेछ ।

धितोपत्र बजारको सुधार तथा विकासका क्रममा धितोपत्र दलाल व्यवसायीले सानो रकमको कारोबार गर्ने साना लगानीकर्ताहरुलाई कारोबार सेवा बापत लिँदै आएको न्यूनतम शुल्कमा ६० प्रतिशत, सरकारी तथा संस्थागत ऋणपत्र, सामुहिक लगानी कोषको इकाई तथा अन्य धितोपत्रको खरिद तथा बिक्री कारोबारमा लिदै आएको शुल्कमा ५० प्रतिशत र संगठित संस्थाको सेयरको खरिद तथा बिक्री कारोबारमा लिदै आएको शुल्कमा ३३ प्रतिशतसम्म कम हुने गरी गरिएको पुनरावलोकनबाट सेयर, ऋणपत्र, सामूहिक लगानी योजना लगायत अन्य धितोपत्रको कारोबारमा वृद्धि हुनुका साथै नयाँ लगानीकर्ताहरु समेत बजार प्रवेशका लागि प्रोत्साहित हुने र यसबाट समग्र धितोपत्र बजार गतिशील एवं प्रतिस्पर्धी हुने बोर्डको अपेक्षा रहेको छ ।

(निरंज गिरी)
प्रवक्ता



Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal
Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No.: 5541058, E-mail : support@sebon.gov.np, Website : www.sebon.gov.np